# १३ के सारा संसारले सुसमाचार सुन्नै पर्छ र?

<u>*यस अध्यायका मूल पदहरू:*</u> प्रेरित ४:१२, भजन ८७:४-६, यूहन्ना १०:१६, रोमी २:१२-१६, यूहन्ना १४:६, रोमी १:१८।

<u>*स्मरण गर्नु पर्ने मूल सार पद:*</u> "परमेश्वरको महिमा होस्। मैले प्रचार गरेको सुसमाचारको कारणले उहाँले तिमीहरूको विश्वासलाई सुदृध गर्न सक्षम् हुनुहुन्छ। मैले सुनाएको सुसमाचार येखू ख्रीष्टकै बारेमा हो। धेरै लामो समयसम्म त्यो सुसमाचार रहस्यमा राखिएको थियो। अब अगमवक्ता अर्थात् उहाँका विशेष दूतहरूका लेखहरूद्वारा त्यो रहस्य खुलाइएको छ। सनातन परमेश्वरले नै त्यो रहस्यलाई खुलाउन् भनेर आदेश दिनुभएको छ। विश्वका सारा राष्ट्रहरूले उहाँलाई विश्वास गरुन् र उहाँको आज्ञा पालन गरुन् भन्ने उहाँको चाहना छ। अद्बितीय सर्वज्ञानी परमेश्वरलाई येशू ख्रीष्टद्वारा सदासर्वदा महिमा होस्। आमेन।" रोमी १६:२५-२७ रूपान्तरित।

विभिन्न मानिसहरूलाई प्रयोग गरेर परमेश्वरले सुसमाचारको सन्देश अरूकहाँ पुऱ्याउनुहुन्छ भनेर हामीले यस पुस्तकमा हेऱ्यौं। तर युगौं युगको विश्वको इतिहासमा करौडौं मानिसहरू बाइबलमा उल्लेख गरेको मुक्तिको योजना थाहा नपाइकन मरेका छन् र मरिरहेका छन्। येशू ख्रीष्टमा प्रकट भएको परमेश्वरको अनुग्रह अर्थात् क्षमाशीलता र दयाको सुसमाचार तिनीहरूलाई थाहा थिएन र थाहा छैन। त्यसले हाम्रो सामु गम्भिर प्रश्न धरोहरको रूपमा खडा भइरहेको पाउँछौं। प्रथमतः परमेश्वरलाई नचिनेको वा उहाँको सदाशयता तथा प्रेमको उपभोग गर्न नपाएका खरबौं मानिसहरूलाई न्यायको दिनमा उहाँले कसरी फेसला सुनाउनुहुनेछ? दोस्रोमा, येशूमा पाउने मुक्तिको योजना थाहै नपाएतापनि त्यसभन्दा बाहिर मुक्ति पाउने के प्रावधान उपलब्ध छ? कतिपयले त केवल इसाई चर्चमा मात्र मुक्ति पाइन्छ भनेर चर्चमा भिंड थप्न जोड दिँछन्। फेरि कतिपयले सबै धर्मले मुक्ति सिकाउँछ र परमेश्वरकहाँ पुऱ्याउने समान मार्गहरू हुन्।

तर अन्तमा हामीले यो निश्कर्ष निकाल्नै पर्छ कि परमेश्वरको सही चरित्र येशू ख्रीष्टले हामीलाई प्रकट गर्नुभएको छ। सबै मानिसको निम्ति देखाएको परमेश्वरको प्रेम र सकेसम्म सबैले मुक्ति पाउन् भन्ने उहाँको चाहना हो भनेर येशूले खोलाउनुभएको कुरालाई पन्छाउनुहुन्न। परमेश्वर न्यायमूर्ति हुनुहुन्छ। उहाँले जसरी न्याय गर्नुभएतापनि सारा जगतमा यो ठूलो स्वरले घन्किनेछ "हेर सारा युगका राजा, तपाईंका मार्गहरू सत्य र निष्पक्ष तथा न्यायोचित छन्।" (प्रकाश १५:३ रूपान्तरित)।

## १. सारा जगतको मुनि अरू कुनै नाउँ छैन (प्रेरित ४:१२)

**जसले** केवल इसाई सुसमाचार सुनेर सकारात्मक रूपमा ग्रहण गर्छन् तिनीहरूले मात्र मुक्ति पाउन सक्छन् भनेर कतिपय इसाईहरूको धारणा छ। यस्ता मानिसहरूलाई "निषेधक" भनेर कहलाउँछन्। त्यसको अर्थ इसाई धर्म बाहेक अरू सबै धर्महरू झुठा, हठि र परमेश्वरसँग युद्ध गर्नेहरू हुन् भनेर सिकाउनु हो। येशूलाई विश्वास नगर्ने अन्य धार्मिक जनहरू येशूको अनुग्रहको घेराभन्दा बाहिरिएका छन् भनेर ती निषेधकहरूले सिकाउँछन्।

अझ, कतिपय इसाई धर्मकै नाउँमा अतिवादी भएर आफ्नो चर्च, सम्प्रदाय वा डिनोमिनेशनमा नआउने मानिसहरू येशूलाई विश्वासै गरेतापनि मुक्ति पाउँदैनन् भनेर जिकिर गर्दछन्। आफ्नो चर्चले सिकाएका शिक्षामा विश्वास नगर्ने र नलाग्ने तर फरक शिक्षा भएका चर्चहरू परमेश्वरको छत्रछायाँभन्दा बाहिरिएका छन् र तिनीहरू स्वर्गको राज्यमा पस्ने मौका पाउँदैनन् भनेर ती इसाई भनाउँदाहरूले नै सिकाएको पाइन्छ। उदाहरणमा हामी ई.सन् रोमन क्याथोलिक चर्चको मूल धर्मगुरू पोप बोनिफेस ७ले निकालेका धर्मादेश उनम साक्टम (Unam Sanctam)लाई लिन सक्छौं। त्यसमा लेखिएको थियो "परमेश्वरबाट मुक्ति पाउन प्रत्येक नर र नारीले आफ्नो जीवन रोमन क्याथोलिक धर्मगुरू पोपलाई समर्पण गर्नु आवश्यक छ।" (रूपान्तरित)। कतिपय सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरूले पनि आफ्ना चर्चहरूमा त्यही सिकाएको पाइन्छ।

**प्रेरित ४:१२मा के उल्लेख गरिएको छ? त्यसमा व्यक्ति गरिएका शब्दहरूलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्: "१२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।"**

बाइबलका ती शब्दहरू अत्यन्त स्पष्ट छः मुक्ति केवल येशू ख्रीष्टमा मात्र पाइन्छ र स्वर्गको मुनि मानिसहरूको बीचमा अरू कुनै नाउँमा मुक्ति पाइँदैन। गहिरिएर पढ्दा ती शब्दहरूमा व्यक्त गरेका कुरालाईभन्दा बाहिर गएर व्याख्या नगर्नु जरुरी छ।

दनदन आगो लागिरहेको घरमा कोही मानिस फसिएको छ भन्ने कल्पना गर्नुहोस्। त्यहाँबाट भाग्न खोज्दा उसलाई धुवैंधुवाँले निसासिएर मुर्छा पर्छ। दमकलको मानिस भित्र पसेर उसलाई निकालेर बाहिर ल्याउँछ अनि उसको उपचार गर्न स्वास्थकर्मीलाई सुम्पिदिन्छ। उनलाई आकस्मिक बाहनले अस्पतालमा पुऱ्याइन्छ र उसको उपचार गरिन्छ। त्यसको फलस्वरुप उन्को होस खुल्छ। त्यसको अर्थ जब त्यस मानिस मुर्छा पर्छ कसले बचायो भनेर तत्काल उसलाई थाहा हुँदैन। प्रेरित ४:१२लाई गहिरिएर हेर्दा र उक्त मानिसको बारेमा सोच्दा हामीले यो थाहा पाउनुपर्छ कि येशू मानव अवतार लिएर आउनुहुँदा पहिले वा पछि जो कोहीले मुक्ति पाउँछ त्यो केवल येशूबाटमात्र हो। त्यस मानिसले मुक्तिको योजनामा येशूको नाउँ र उहाँको भूमिकाको बारेमा थाहा पाएपनि वा नपाएतापनि त्यसको मतलब हुँदैन। "येशूको नाउँ थाह नपाउनेहरू धेरै अन्य जातिहरू छन्। तिनीहरूलाई सत परमेश्वरको बारेमा ज्ञान नहोला वा उहाँको उपासना नगर्ला। गस्पल वर्कर वा सुसमाचार प्रचारकहरूद्वारा तिनीहरूले सुसमाचारको बारेमा कहिलै नसुनेको हुनसक्छ। ती मानिसहरू अन्धाधुन्ध मुक्ति पाउँदैन भन्ने छैन। तिनीहरूलाई दश आज्ञाहरूको बारेमा थाहा नहोला र नसुनेको पनि होला। तर तिनीहरूले प्रकृति र विभिन्न उचित नीतिनियमहरूबाट सर्वशक्तिमान परम पिता सृष्टिकर्ताको आवाज चेतनाद्वारा सुनिरहेकाहुन्छन्। त्यसको अर्थ तिनीहरूको हृदयमा पवित्र आत्माले छोएको थियो भनेर तिनीहरूको आचरण वा क्रियाकलापले देखाउँछन्। आफूले जानेको स्वविवेकले चलेर आफूहरू परमेश्वरका सन्तान हौं

भनेर तिनीहरूले स्वीकार गरेका हुन्छन्।"एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६३८बाट रूपान्तरित।

## २. मुक्ति पाउन कतिको आत्मज्ञानको आवश्यकता छ? (भजन ८७:४-६)

येशूको कामले नै मानिसलाई मुक्ति दिने एकमात्र उपाय हो भनेर पहिलो बुँदामा हामी हेऱ्यौं। तर कतिपयले ठीकै छ त येशूले हामीलाई मुक्ति दिनुहुन्छ भनेर ढुक्क भएर बस्न सकेको हुँदा उहाँको बारेमा सही, स्पष्ट र पूरा आत्मज्ञान पाउनु जरुरी छैन भन्छन्।

मुक्ति पाउन उहाँको बारेमा थाहा नपाएपनि हुन्छ भनेको होइन। कसकसलाई मुक्ति दिन परमेश्वर चाहनुहुन्छ उसलाई येशूकै कामको फाइदा उठाएर त्यसलाई प्रयोग गर्दै मुक्ति दिने उहाँको इच्छा हो। कतिपय मानिसहरू छन् जसले ख्रीष्टलाई कहिलै पनि चिनेको छैन र सुसमाचार सुन्न कहिलै पनि अवसर पाएका छैनन्। तैपनि तिनीहरू मुक्तिको आवश्यकताको महसुस गर्दछन् र आफ्नो बिवेक अनुसार त्यसतिर उचित जीवन यापन गर्दै चलेको हुन्छ। त्यसता मानिसहरूले मुक्ति पाउने छन्। पुरानो करारका अयुब्ब र परमेश्वरका पुजारी मेलस्सिजडेकले येशूको बारेमा तिनीहरूले कहिलै पनि सुनेका थिएनन् तर तिनीहरू परमेश्वरका प्रिय पात्र भएका थिए।

**उपरोक्त धारणालाई समर्थन गर्न देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्: भजन ८७:४-६ "मलाई स्वीकार गर्नेहरूमध्ये म राहाब र बेबिलोनलाई दर्ता गर्नेछु, पलिश्त, टुरोस र कूशलाई समेत, र भन्नेछु, 'योचाहिँ सियोनमा जन्मेको थियो'।" ५ सियोनको विषयमा चाहिँ यो भनिनेछ, "यो र त्यो त्यहीँ जन्मेका थिए, अनि सर्वोच्च प्रभुले नै त्यसलाई स्थापित गर्नुहुनेछ।" ६ परमप्रभुले मानिसहरूका नाउँ दर्ता-बहीमा लेख्नुहुनेछ, "योचाहिँ सियोनमा जन्मेको थियो।" सेला।, यूहन्ना १०:१६ "मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ।", प्रेरित १४:१७ "तापनि उहाँले आफूलाई गवाहीविना छोड्नुभएन, किनकि उहाँले भलो गरेर तपाईंहरूलाई स्वर्गबाट पानीको झरी र फलवन्त ऋतु दिनुभयो र तपाईंहरूका हृदयलाई भोजन र आनन्दले सन्तुष्ट पार्नुभयो।", प्रेरित**

१७:२६-२८ “उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, २७ तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न। २८ किनभने “हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।” तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, ‘हामी निश्चय उहाँकै सन्तान हौं।’", र रोमी २:९-१६ “खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि। १० तर असलकाम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ। ११ किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न। १२ सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ। १३ किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन्। १४ किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वाभावैले व्यवस्थाअनुसारका काम गर्दछन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्। १५ व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्। १६ यो त्यस दिन हुनेछ जब परमेश्वरले मैले प्रचार गरेको सुसमाचारअनुसार येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ।"

“६ किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ। ७ धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ।" रोमी २:६,७।

जिउन चाहेर जानेको व्यवस्था वा नीतिलाई आफ्नो विवेक अनुसार पालन गर्दा इसाई दायराभन्दा बाहिर बसेका कति मानिसहरूलाई पनि मुक्ति दिलाउने प्रावधान परमेश्वरले रच्नुभएको छ भनेर पावलले यहाँ भन्न खोजिरहेको पाउँछौं। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू सम्मत भएका नीति तथा आत्मज्ञानहरू मानिसहरूको चेतना वा

विवेकमा घुसिरहेका हुन्छन्। त्यसले गर्दा नै तिनीहरूले खराब के हो र असल के हो भनेर छुट्याउन सक्छन्। आफूलाई बोलेको विवेकको आवाजलाई सुनेर त्यस अनुसार चल्नु दश आज्ञा थाहा नपाएकाहरूको निम्ति पनि अत्यन्त जरुरी छ। मुक्तिको योजना वा येशूको बारेमा कहिलै पनि थाहा नपाएकाहरूलाई न्यायको दिनमा तिनीहरूलाई तिनीहरूको विवेक अनुसार चलेको छ कि छैन भनेर फैसला गरिनेछन्। बाइबलको आत्मिय ज्ञान व सुससमाचार कहिलै नसुनेकाहरूलाई पनि पवित्र आत्माले बोलिरहेको हुन्छ र तिनीहरूको हृदय र बिवेकले त्यो अनुसार चलेको परमेश्वरले अपेक्षा गर्नुहुन्छ।

**हामीमा परमेश्वर नभएको कारणले मानिसहरूको हृदयलाई हामीले जानेका छैनौं। त्यसै कारण चाहे हामी इसाई भनेर दावी गर्छौं वा इसाई होइनौं भनेर दावी गर्छौं, हामी सबैले कोही मानिस स्वर्गमा जान्छ वा जान्दैन वा उसले मुक्ति पाउँछ वा पाउँदैन भनेर फैसला नगर्न किन सतर्क हुनुपर्छ?**

## ३. जगतव्यापी र बहुधर्महरू समान छन् भन्ने मानविय सोच (यूहन्ना १४:६, मत्ती ७:१३,१४)

मानिसहरूले जे विश्वास गरोस् र जसरी जिओस्, त्यसको कुनै अर्थ हुँदैन किनभने अन्तमा परमेश्वरले सबै मानव जगतलाई मुक्ति दिनुहुनेछ भने कतिपय मानिसहरूले सिकाउँदछन्। सबै मानिसहरू परमेश्वरिय तत्वको एक भाग हुन् र तिनीहरूले सुसमाचारको बारेमा कहिलै नसुनेतापनि वा विश्वास नगरेतापनि तिनीहरू परमेश्वरसँग कुनै न कुनै रूपमा सम्बन्ध भएको हुनाले तिनीहरू स्वःत मुक्ति पाउनेछन् भन्ने शिक्षा “ विश्व वा जगतव्यापी" (युनिभर्सलिजम universalism)ले सिकाउँदछ। यूहन्ना ३:१६को एक भागलाई उदृध गरेर नै तिनीहरूले त्यो निश्कर्ष निकालेका हुन् जसमा लेखिएको छ “परमेश्वरले संसारलाई प्रेम गर्नुभयो"। त्यसकारण यदि परमेश्वरले प्रत्येक मानव प्राणीलाई प्रेम गर्नुहुन्छ भने त्यसको कसरी नाश हुन्छ र? अझ विशेष गरेर नाश हुनु भनेको त्यस शिक्षाको अनुसार नरकको अनन्तको आगोमा जलिरहनु नै मुक्तिबाट बंचिन हुनु हो। आफूले प्रेम गर्नुभएको मानिसलाई परमेश्वरले कसरी अनन्तसम्म आगोले पोलिरहेको हेर्न सक्नुहुन्छ र? नरकको

आगोमा जलिरहनु जस्तो गलत शिक्षाले अर्को लगत शिक्षातिर दोऱ्याउँछ त्यो हो सबै जना स्वःत मुक्ति वा मोक्ष पाउनेछ।

यस "जगत वा विश्वव्यापी मुक्ति" सँग "बहुधार्मिक वा बहुविश्वासबाद" मिल्न आउँछ। सबै धर्महरू बराबर असल छन् र सबैले त्यही परमेश्वरकहाँ पुऱ्याउँछन् र सबैले मुक्ति वा मोक्ष पाउँछन् भनेर त्यस बहुविश्वासबाद वा बहुधार्मिकवादले सिकाउँछन्। एक जना इसाई पास्टरले नै आफ्नो वेभसाइटमा यो लेखेका थियो "अरू धर्म वा आस्थाहरूभन्दा इसाई धर्म उत्तम छ भनेर म भन्दिँन।"

विभिन्न धार्मिक सेवाकार्यक्रम वा विधिहरू, विश्वास वा दर्शनहरू, प्रतिकहरू वा शव्दचित्र वा नदेखिने तत्वलाई देखिने तत्वद्वारा बुझाउनु आदि केवल बाहिरिय खोलमात्र हुन् भनेर ती बहुधार्मिकवादीहरूले सिकाउँदछन्। त्यसको मुनी सबै धर्मले एउटै मूल्यमान्यता र विश्वास सिकाउँदछन् रे। सबैको जाने एउटै बाटो हो। परमेश्वरले सबै मानिसलाई प्रेम गर्नुहुन्छ भनेर प्रायजसो सबै धर्मले सिकाउँदछन्, सबै मानिसलाई प्रेम वा असल व्यवहार गर्नुपर्छ र भविष्य आशिषमय हुनेछ भन्ने आशाले हिँड्नुपर्छ भनेर त्यस बहुधार्मिकवादले सिकाउँदछ। सबै धर्महरू एकै हुन् भनेर तिनीहरूको मत छ। तिनीहरू परमेश्वरकहाँ जाने असल बाटो हुन्। इसाई नहुनेहरूलाई येशूको बारेमा भनेर उहाँतिर मन फर्काउन खोज्नु अत्यन्त नाजायज नीति हो भनेर तिनीहरूले सिकाउँदछन्।

**जगतव्यापी र बहुधार्मिकवादको बारेमा बाइबलले के बताउँछ? हेर्नुहोस् देहायका पदहरूः यूहन्ना १४:६ "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।", प्रकाश २०:१४,१५ "१४ मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। १५ जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।", प्रकाश २१:८ "८ तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।", दानिएल १२:२ "पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको**

लागि।", यूहन्ना ३:१८ "जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन।", मत्ती ७:१३,१४ " "साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। १४ किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुऱ्याउँछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन्।" र २ थेस्सोलिनिकी २:९,१० "८ तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यस अनुसार जिउन इन्कार गरे।"

हामी सबै परमेश्वरका सन्तान हौं र स्वःत मुक्ति पाउनेछौं भन्ने धारणा र बहुधार्मिकवादलाई बाइबलले मान्यता दिँदैन। सबै मानिसले स्वःत मुक्ति पाउँदैन र सबै धर्मले मुक्तिको पथमा पुऱ्याउँदैनन्।

**येशूमात्र मुक्तिको बाटो हो (यूहन्ना १४:७) भनेर सिकाउँदा अरू धर्महरूलाई वेवास्ता गरेको हुन्छ त्यसकारण त्यो दावी जायज छैन भनेर तर्क गर्नेहरूलाई तपाईंले के जवाफ दिनुहुन्छ?**

## ४. परमेश्वरको अनुग्रहको आवश्यकता भएका पापीहरू (यूहन्ना ३:१७)

**"१७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन वा न्याय गर्न भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् वा मुक्ति पाओस् भनेर पठाउनुभयो।" यूहन्ना ३:१७। प्रत्येक मानव प्राणीको निम्ति यस पदमा के महान् आशा पाइएको छ? त्यो महत्त्वपूर्ण आत्मज्ञान वा सत्य हाम्रै निम्ति हो भनेर कसरी ग्रहण गर्ने? मानव जगतमा हामीलाई पुऱ्याउन त्यस पदले हामीलाई कस्तो उत्साह दिन्छ?**

हामी सबै पापी हौं भनेर बाइबलले बताउँछ (रोमी ३:२३), र त्यस पापबाट पश्चाताप गरेर हामी उहाँमा फर्कौं भनेर परमेश्वर चाहनुहुन्छ (प्रेरित १७:३०, प्रेरित २६:२०, २ पत्रुस ३:९) र उहाँतिर

फर्कियौं भने हामीले मुक्ति पाउँछौं (१ तिमोथी २:४)। अदनको बगैंचामा आदम र हव्बाले पाप गरेदेखि र त्यसको अगाडिसम्म प्रत्येक मानवप्राणी पाप र परमेश्वरको विद्रोहको नतिजाले ल्याउने अनन्त मृत्युबाट उद्धार होस् भन्ने लक्ष्यमा परमेश्वर लाग्नुभएको थियो। त्यो लक्ष्यमा हामीलाई पुऱ्याउने परमेश्वरको कदमको पराकाष्टा क्रुसले देखाएको सन्दर्भमा हामीप्रति परमेश्वरको प्रेम र उहाँको प्रवल इच्छालाई हामीले के भन्ने? परमेश्वरको अटुट र महान् प्रेमको प्रमाण त्यो भन्दा हामीलाई अरू केही चाहिन्छ र?

तर जानाजानी परमेश्वरको विरुद्धमा लाग्ने वा आफ्नो विवेकलाई मिचेर परमेश्वरको आवाजलाई नसुन्ने मानिसहरूले स्वःत मुक्ति पाउँदैन भनेर बाइबलले स्पष्ट गरेर किटानी गरेको छ।

**त्यस सन्दर्भमा देहायका पदहरूले कस्तो शक्तिशाली चेतावनीहरू दिइएकाछन्? हेर्नुहोस्ः उत्पत्ति ६:११-१३ "परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो। १२ जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए। १३ यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु।", रोमी १:१८ "परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्।", २ थेस्सोलिनिकी २:१२ "ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।", प्रकाश २१:८ "तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।" र प्रकाश २२:१५ "बाहिरचाहिँ कुकुरहरू, मन्त्रतन्त्र गर्नेहरू, व्यभिचारीहरू, हत्याराहरू, मूर्तिपूजकहरू र असत्य मन पराउने र त्यसैमुताबिक चल्नेहरू रहन्छन्।"**

निसन्देःह परमेश्वरले सबै मानव प्राणीलाई प्रेम गर्नुहुन्छ। तर सबै मानिसहरू परमेश्वरको अनुग्रहको खाँचो भएका पापीहरू हुन्। त्यो

अनुग्रह येशूद्वारा सबैलाई उपलब्ध गराइएको छ। सारा संसारमा त्यो अनुग्रहको बारेमा सुसमाचार फैलाओस् भन्ने जिम्मा येशूले उहाँको चर्चलाई सुम्पिनुभएको छ।

"मानिसको मुक्तिको निम्ति काम गर्न खटाइएको चर्च परमेश्वरले चुन्नुभएको समूह हो। सेवा गर्न यो संगठित भएको हो। त्यसको काम सारा संसारमा सुसमाचार फैलाउनु हो। सुरूदेखि नै उहाँको चर्चले परमेश्वर पूर्ण सामर्थी प्रेम र शक्तिलाई संसारको सामु प्रतिविम्ब गरोस् भन्ने उहाँको चाहना थियो। परमेश्वरको महिमालाई प्रकट गर्न उहाँले चर्चका सदस्यहरूलाई अन्धकारबाट अचम्मको ज्योतिमा बोलाउनुभएको थियो। येशूको अनुग्रहको खजाना भर्ने भण्डार चर्च हो। अन्तको समयमा चर्चले परमेश्वरको प्रेमको अन्तिम र पूर्ण सत्यता सारा जगतको सामु प्रकट गरिनेछ। एफिसी ३:१० "-एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ ९बाट रूपान्तरित।

**मर्न लागिरहेको यस संसारमा तपाईं आफैले व्यक्तिगतरूपमा (चर्चको पास्टर, एल्डर, डिकेन वा चर्चको कर्मचारी होइन इसाई हुँ भनेर दावी गर्ने तपाईं) परमेश्वरको महिमालाई राम्रोसंग देखाउन सक्नुहुन्छ? परमेश्वरको चरित्रलाई प्रतिविम्ब गर्न तपाईंको जीवनमा कस्तो परिवर्तन हुनुपर्छ?**

## ५. सुसमाचार प्रचार गर्न आह्वान (१ कोरन्थी ९:२२,२३)

**"२२ दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें। २३ सुसमाचारका आशिष्हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु (अर्थात् सुसमाचार ममात्र राख्न चाहन्न अरूलाई पनि बाँड्न चाहन्छु)।" १ कोरन्थी ९:२२-२३। उपरोक्त पदमा पावलले कस्तो महत्त्वपूर्ण नीति बोलीरहेका छन्? हामीहरूको जीवनमा त्यही नीतिलाई हामीले कसरी प्रतिविम्ब गर्ने?**

सुसमाचार सुनाउने लक्ष्य बोकेकाहरूको प्रभु येशूले उहाँको सदाशयी बुद्धिमा उहाँको क्षमाको र सारा संसारमा दिइने मुक्तिको खबर सुनाउन मानव प्राणीद्वारा काम गर्न निर्णय गर्नुभयो। कमजोर पुरुष र महिलाहरूलाई चुनेर पवित्र आत्मा र स्वर्गदूतहरूको साथ दिएर सँगसँगै

काम गर्न परमेश्वरले खटाउनुभयो। पुरानो करारमा परमेश्वरले इस्राएलीहरूलाई कहिलै ननिभ्ने बत्ति हुन चुन्नुभएको थियो। तर विश्वको सामु चम्किनुपर्नेको सट्टा तिनीहरूमा भएको परमेश्वरको आत्मज्ञानको ज्योति टोकरी मुनी लुकाएर राखे (मत्ती ५:१५ रूपान्तरित)। परमेश्वरबाट पाएको आशिष तिनीहरूले प्रायजसो आफ्नै देश इस्राएल र यहूदि जातिहरूमा मात्र सिमित राखे। तिनीहरू अरू मानिस र राष्ट्रहरूसँग घुलमिल गरेर आफूले पाएका आशिषहरू बाँड्नुको सट्टा अन्य जातिहरू म्लेच्छ हुन्, अन्य जातिहरू वा विदेशीहरू संसारका हुन् तिनीहरू खराब छन् भनेर तिनीहरूबाट भाग्न वा अलग हुन ती यहूदिहरू आफैलाई बन्द कोठामा राखे।

बत्ती बनेर सबैलाई उज्यालो दिने परमेश्वरको चाहनालाई यहूदिहरूले लुकाएर राखे भनेर परमेश्वरको आपत्तिलाई अझ अर्को उपमा दिएर अब येशूभक्तहरू कस्तो हुनुपर्छ थियो भनेर येशूले खुलासा गर्नुभयो। उहाँले भन्नुभयो "तिमीहरू संसारका नुन भएर वा सुसमाचारको स्वाद दिएर अरूहरूलाई चेला बनाऊ" (मत्ती ५:१३, मत्ती २८:१९,, मर्कूस १६:१५,२०, प्रेरित १:८)। स्वार्थत्याग वा आफ्नो भाऊ त्यागेर सारा संसारमा नुन जस्तो भएर परमेश्वरको सुसमाचार सुनाउनेहरूको कथाहरूले इतिहास भरिएको छ। तिनीहरूले जीवनको सुसमाचार मानिसहरू, समाज र कहिलेकाहीं सारा राष्ट्रमा नै ल्याएका थिए।

तर हामीले एउटा कुरालाई मान्नुपर्छ। प्रायजसो प्रभुको बारेमा सुसमाचार सुनाउने लक्ष्य बोकेका प्रचारकहरूको मानव र तिनीहरूको मिशन वा चर्चका संगसंस्थाहरूको कमजोरिपनाले गर्दा त्यो लक्ष्यमा पुग्ने सफलतामा सिमित भएको पाइएको हुन्छ। ती मानव कमजोरिपनामा हुने कमजोरीहरू यस प्रकारको हुनसक्छः (१) आफ्नो लक्ष्यलाई राम्रोसँग आत्मसात् गर्न नबुझेकोले र सिमित ज्ञानले गर्दा सुसमाचार प्रचार गर्ने योजनालाई व्यवस्थित वा राम्रोसँग नबनाउनु (२) चर्चको मुख्य लक्ष्य सामाजिक सुधार वा कार्यक्रमलाई प्राथमिकता दिने होइन तर सुसमाचार सुनाउनु हो भन्ने कुरालाई ओझेलोमा पार्नु जसले गर्दा चर्चको उर्जा र स्रोत प्रायजसो शिक्षा, स्वास्थ, आपतकालिन राहत र बिकासको कार्यक्रमहरूमा मात्र बढि ध्यान दिइरहेको हुन्छ (त्यो त

अरू परोपकारी संगसंस्था, एनजिओ आइएनजिओहरूले पनि गरिरहेका छन् नी! –अनुवादकको टिप्पणी) (३) प्रचार गर्नको निम्ति नियुक्ति भएका विभाग वा संगसंस्थाहरूमा भएका कर्मचारीहरूको कमी र त्यसलाई सक्रिय बनाउन कम बजेट छुट्याउने नीति (४) आफ्नो काममा नसुहाउने वा सक्षम् नभएका बाइबल वर्कर्स, मिसिनेरीहरू वा सुसमाचार प्रचारकहरूले गर्दा (कति त हचुवाको भरमा परमेश्वरको काम गर्ने मानिसहरू मानौं इसाई हुन पैसा दिइरहेको जस्तै प्रभाव सर्वसाधारणमा परिरहेको देखिन्छ-अनुवादकको विश्लेषण) र (५) कतिपय देशहरूमा सुसमाचार सुनाउन बन्देज लगाएको हुनाले।

एउटा कुरा स्वीकार गर्न जरुरी छ। येशूको बारेमा सुसमाचार सुनाउन न पहिला सजिलो थियो न त अहिले न त पछि नै। येशूदेखि लिएर कसैले पनि सुसमाचार सुनाउने काम सहज हुन्छ भनेर सापति आश्वास दिइएको छैन। हामीहरू महान् संग्रामको बीचमा छौं (ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् मतभेद)। हामीहरूको छरछिमेकीमा होस् वा संसारको कुना कुनामा सुसमाचार सुनाउने काममा वाधा ल्याउन हाम्रो बैरी सैतानले हरदम अथक प्रयास जारी राख्नेछ। तर हामी कहिलै पनि हताश निराश हुनुहुँदैन किनभने हामीलाई चाहिने शक्तिको निम्ति धेरै धेरै अचम्मका प्रतिज्ञाहरू दिइएका छन्। यस संसारमा परमेश्वरले आफ्नो लक्ष्य पूरा गर्नुहुनेछ भन्ने कुरामा हामी विश्वस्त हुनसक्छौं। त्यस मामिलामा परमेश्वरले आफ्नो प्रतिवद्धता यसरी व्यक्त गर्नुभएको छ "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्। १० जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमिनलाई भिजाएर बाली उमार्छ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, ११ त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।"

## उपसंहार

**थप जानकारीः नयाँ** करारको “सबै" भन्ने विशेषण शब्दको पछि ग्रीक भाषाको दुई नाम देखाएका छन् जसले येशूको सुसमाचार कुनै एक जाति देश आदिलाई नभएर सारा बिश्वको लागि हो भनेर देखाउँदछः “सबै कसमोस" (kosmos) मत्ती २६:१३, मर्कूस १४:९ र मर्कूस १६:१५, र “सबै ओइकोमिने" (oikoumene) मत्ती २४:१४। कसमसको अर्थ ग्रह हो (नयाँ करारमा यो शब्द कमसेकम एकसय पचास पल्ट प्रयोग गरिएको छ)। तर ओइकोमिने भन्दा विशेष गरेर संसारका मानिसहरूलाई बताउँछ।

प्रथम् शताब्धीका इसाईहरूको निम्ति सारा संसार कत्रो थियो त? येशू ख्रीष्टको पुनरुत्थान पछि इसाई प्रचारकहरू वर्तमान यी देशहरूमा पुगेका थिए-साइप्रसको टापु, लेबनान, सिरिया, टर्की, मासाडोनीया, युनान वा ग्रीक र इटाली। सुसमाचार उत्तरमा रूसको दक्षिण भाग (त्यसबेला स्किथिया), दक्षिणमा इथियोपिया, पूर्वमा भारतवर्ष र पश्चिमी देशमा स्पेन।

सारा संसारमा तिनीहरू सुसमाचार लिएर पुग्नुपर्छ भनेर सुरूका इसाईहरूले के ठानेका थिए त? प्रेरितको पुस्तक अनुसार पवित्र आत्मा खनिएको पेन्टिकोस्टको दिन इसाई चर्चको जन्म दिन थियो। त्यस दिनमा विभिन्न वर्गलाई, विभिन्न भौगोलिक क्षेत्रबाट आएकाहरूलाई र विभिन्न राष्ट्रका (सूचीसहित) आगन्तुक वा तिर्थयात्रीहरूलाई इसाई चर्चले परमेश्वरको शक्तिशाली कामहरूको बारेमा प्रचार गरेको थियो (प्रेरित २:५-११)। चर्च सुरू भएको दिनदेखि नै येशूभक्तहरूले सुसमाचार सुनाउने आफ्नो विश्वव्यापी लक्ष्यलाई आत्मसात् गरेका थिए। संचार तथा संसारमा यात्रा गर्ने साधनहरूको कमि भएको त्यसबेलाका विश्वासीहरूले येशूले दिनुभएको निर्देशनप्रति गम्भिर चासो लिएर चलेका थिए भने आधुनिक वैज्ञानिक संसारमा रहेका हामीहरूले सुसमाचार सुनाउने मामिलामालाई कसरी लिने?

## चिन्तनमननः

अ. तेस्रो बुँदामा इसाईहरूलाई "केवल तिनीहरूमात्र स्वर्ग जान्छ रे" भनेर अरूलाई बहिष्कार गर्ने नीति लिएको छ भनेर आरोप

लगाउँछ भनेर उल्लेख गरिएको छ। के त्यसले हामीलाई अरूभन्दा धर्मी असल र अरूलाई तुच्छ ठान्ने चरित्रलाई उक्साउँछ र वा उक्साउन जरुरी छ त? यदि छ भने किन?

**आ.** चर्चले बुझेको संसारकोको आकार पेन्टिकोस्टको दिनदेखि अहिले धेरै फराकिलो भएको छ। येशूको "सारा संसारमा गएर सारा राष्ट्रका मानिसहरूलाई चेला बनाऊ" (मत्ती २८:१९ रूपान्तरित) निर्देशन चर्चको निम्ति सदासदा समयसापेक्षिक भइरहेको छ र त्यो येशूको आगमनसम्म जारी हुनेछ। प्रकार १४:६-१२मा उल्लेख गरेको तिन स्वर्गदूतहरूको सन्देश सुनाउने कुरालाई येशूको महान् निर्देशनसँग कसरी मिल्दछ?

**इ.** यो प्रश्नलाई तपाईंले कसरी जवाफ दिनुहुन्छ? यदि सुसमाचार नसुन्ने मानिसहरूले पनि मुक्ति पाउँछ भने अनेकौं जोखिममा लागेर हामी सुसमाचार किन सुनाउने?